चामे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
चामे, मनाङ

☎फोन नं.: ०६६- ४४०१७०
✆फ्याक्स : ०६६- ४४०१७०
Email:chamegaupalika@gmail.com
www.chamemun.gov.np

गण्डकी प्रदेश, नेपाल

## मिति २०७९।१०।२९ गतेको गाउँ कार्यपालिका बैठकको निर्णयहरु

१. चामे गाउँपालिकाको वडा नं २ थानचोकमा साविकमा कच्ची भवनमा गाँउपालिकाको एकमात्र स्वाथ्य चौकी रहेको, चालु आ.व. मा गण्डकी प्रदेशबाट स्वास्थ चौकीको पक्की भवन निर्माण गर्न बजेट प्राप्त भएको छ।स्वास्थ चौकी भवन टाइप-बी निर्माण गर्न १.६ रोपनी जग्गा आवश्यक पर्ने तर गाउँपालिकाको आफ्नै स्वामित्वमा ताहाँ पर्याप्त जग्गा नहुँदा जग्गा खरिद गर्नुपर्ने भएको र सोको लागि सोही वडानिवासी विरेन्द्र घलेको कित्ता नम्बर २३७ क्षेत्रफल ११-२-१-२ को जग्गाबाट १ रोपनी जग्गा खरिद गर्नका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा सहमति माग गर्ने निर्णय गरीयो ।

२. गण्डकी प्रदेश स्थानीय सेवा (गठन तथा संचालन) अध्यादेश २०७९ को दफा २८ बमोजिम तह वृद्धि गर्ने र सोहि अध्यादेशको दफा ९ अनुसार दरबन्दी मिलान भई स्वत: माथिल्लो तह कायम गर्ने प्रयोजनका लागि मिति २०७९/०६/२८ मा एस चामे गाउँपालिकाको कार्यालयमा कार्यरत स्थानीय सेवाका इच्छुक स्थायी कर्मचारीहरुबाट आवेदन फाराम पेशगर्न ७ दिनको सूचना प्रकाशित गरिएकोमा रित पुर्वक निवेदन पर्न आएका तथा स्थानीय सेवाको (गठन तथा संचालन) अध्यादेश २०७९ को दफा ९ बमोजिमको योग्यता पुरा गरेका तथा दफा ३२ बमोजिम नकारात्मक सूचीमा नपरेका तपशिलका कर्मचारीहरुलाई २०७९ माघ १ गते देखि लागु हुने गरी स्थानीय सेवा (गठन तथा संचालन) अध्यादेश २०७९ दफा ९ अनुसार दरबन्दी मिलान सहित माथिल्लो तह कायम गरी तह वृद्धि गर्ने निर्णय गरीयो ।

**तपशिल:**

१) अधिकृत छैटौ लेखा (आ.ले.प.अ.) नम नारायण मल्ल- अध्यादेशको दफा ९ उपदफा (३) बमोजिम सोही पदमा समायोजन भई माथिल्लो तहको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता उत्तिण प्रमाण-पत्र भएकोले अधिकृतस्तर सातौं लेखा अधिकृत पद कायम गर्ने ।

२) सहायक चौथो लिल बहादुर गुरुङ-अध्यादेशको दफा ९ उपदफा (४) बमोजिम सोही पदमा समायोजन भई पाँच बर्ष सेवा अवधि पुरा भएकोले सहायकस्तर पाचौं पद कायम गर्ने।

३. चामे गाउँपालिकामा हाल एक मात्र सवारी साधन (चार पाङग्रे) चालु हालतमा रहेको, कार्यालयको कामको सिलसिलामा वेशिसहर, पोखरा तथा काठमान्डौं गइरहनुपर्ने र वेशिसहर-चामे सडक खण्ड तथा यस गाउँपालिकाको शाख बाटोहरु समेत कच्ची र विकट भौगोलिक अवस्थितिमा रहदा सवारी साधन नियमित मर्मत सम्भार गर्नुपर्ने भएको हुँदा सवारी साधनलाइ चुस्त दुरुस्त राख्न सवारी मर्मत गर्दा श्री पश्चिमाञ्चल अटो वर्कसपलाई भुक्तानी गर्नुपर्ने रु ६,१४,८३३/- (अक्षरुपी छ लाख चौध हजार आठ सय तेत्तिस मात्र) र श्री वतास ब्रदर्श प्रा.लि लाइ भुक्तानी गर्नुपर्ने रु १,१३,१३९।२२ (अक्षरुपी एक लाख तेह हजार एक सय उन्नचालीस पैसा बाइस मात्र) दायित्व सिर्जना भएको हुदा उक्त खर्च भुक्तानी गर्न समर्थन गर्ने निर्णय गरियो ।

४. चामे गाउँपालिका क्षेत्रभित्र फोहोरमैला व्यवस्थापन गर्नका लागि गाउँपालिकामा रहेको ट्याक्टर प्रयोग गर्ने र सोका लागि आवश्यक चालक १ जनामा सम्बन्धित सवारी साधनको लाइसेन्स प्राप्त व्यक्ति तथा फोहोरमैला संकलन गर्न आवश्यक हेल्पर १ जनालाई ३ महिनाका लागि ज्यालादारीमा नियुक्ति गर्ने साथै तिमाङ देखि चामे बजारसम्मको सडक खण्डमा बाटो सरसफाई तथा खाल्डा पुर्नको लागि जेसिबी भाडामा लिई सडक मर्मत सम्भार गर्ने निर्णय गरियो।

चामे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
चामे, मनाङ

☎फोन नं.: ०६६- ४४०१७०
✆फ्याक्स : ०६६- ४४०१७०
Email:*chamegaupalika@gmail.com*
*www.chamemun.gov.np*

गण्डकी प्रदेश, नेपाल

५. आगामी आर्थिक वर्षका लागि यस गाउँपालिकामा आवश्यक देहाय बमोजिमको झोलुङ्गे पुल स्थानीय पूर्वाधार विभाग, ललितपुरमा माग गर्ने निर्णय गरियो।

१.सल्लाघारी झोलुङ्गे पुल, चामे वडा नं ०२

२.सिङ्गर खोला-हाइक्याम्प झोलुङ्गे पुल चामे वडा नं ०४

६. साविक जिल्ला विकास समितिको कार्यालय, मनाङमा मिति २०७१।०९।०२ मा इजाजत नं ०१/०६५/६६ मा दर्ता भएको घ-वर्गको इजाजत-पत्र प्राप्त श्री जुपिटर कन्सट्रक्सनलाई इजाजत नवीकरण गर्न स्वीकृती प्रदान गर्ने निर्णय गरियो।

७. सडक वोर्ड नेपालबाट चालु आ.व. मा स्थानीय सडक मर्मत सम्भार कार्यको लागि रु दश लाख बजेट विनियोजन भएको र उक्त रकममा गाउँपालिकाको स्थानीय कोषबाट समपुरक कोष वापत रु चार लाख समेत बजेट विनियोजन गरी चामे गाउँपालिकाको वडा नं ४ मा स्थित कृषि कार्यालय देखि स्याउबारी स्कुल सम्म जाने सडक स्तरोन्नति गर्ने निर्णय गरियो।

८. मनाङ मर्स्याङदी जलविधुत आयोजनालाई स्थायी रुपमा प्रयोग गर्न १६५.११ रोपनी जग्गा आवश्यक पर्ने तर नेपाल सरकारबाट तोकिएको जग्गाको हकबन्दी ७५ रोपनी मात्र भएकोले हदबन्दी भन्दा बढी जग्गा प्राप्तीका लागि उक्त आयोजनालाई सहमति सिफारिस दिने निर्णय गरियो ।